कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

एनएमबि बैंक लिमिटेड

को

प्रबन्धपत्र

तथा

नियमावली

(वि.सं. २०८० असारसम्म संशोधन भएको समेत)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
एनएमबि बैंक लिमिटेडको
<u>प्रबन्धपत्र</u>

१. <u>**कम्पनीको नाम :**</u> यस कम्पनीको नाम “एनएमबि बैंक लिमिटेड” हुनेछ र यसलाई अंग्रेजीमा NMB Bank Limited भनिनेछ । जसलाई यसपछि “बैंक” भनी सम्बोधन गरिनेछ ।

२. <u>**बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**</u> यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वार्ड नं.११ बबरमहलमा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली बैंकिङ्ग कारोबार गर्न सकिनेछ ।

३. <u>**बैंकले गर्ने व्यवसाय वा कारोबारको प्रकृति**</u> : बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) तथा यस प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंकिङ्ग व्यवसायको कारोबार गर्नेछ ।

४. <u>**बैंकको मुख्य उद्देश्य**</u> : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकिङ्ग कारोबार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :-

(क) बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बैंकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) मुलुकमा छरिएर रहेको पूँजी वृद्धिलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने, र

(२) बैंकले उपदफा (१) बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजतपत्र प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भए पछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजतपत्र प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. <u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरू</u> : यस बैंकले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम "क" बर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रही उपरोक्त ऐन तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :-

(क) बैंकलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) बैंकलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) बैंकको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र संचालन गर्ने,

(घ) बैकलाई आवश्यक पर्ने रकम अन्य कुनै बैंक तथा वित्तीय संस्थामा धितो राखी वा नराखी कर्जा लिने,

(ङ) बैंकको नामबाट शेयर तथा डिबेञ्चर खरिद गर्ने वा त्यसलाई बिक्री गर्ने,

(च) ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(छ) नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम विभिन्न प्रकारका कर्जा दिने,

(ज) प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

(झ) हायरपर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउजिङ्ग तथा सेवा व्यवसायको लागि कर्जा दिने,

(ञ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैंकिङ्ग कारोबार गर्ने,

(ट) अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,

(ठ) विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा/सुविधा दिने,

(ड) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(ढ) प्रतीतपत्र, प्रतिज्ञापत्र, विनिमयपत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरीद बिक्री गर्ने,

(ण) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्यूटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने,

(त) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेविट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्बन्धी कार्य गर्न एजेन्ट नियुक्त गर्ने,

(थ) आफुले पत्याएको व्यक्तिलाई संचालक समितिले निर्धारण गरेको नीति नियम अन्तर्गत रही अधिविकर्ष (Overdraft) कर्जा दिने,

(द) अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,

(ध) आफु कहाँ पहिले नै धितो रहिसकेको चलअचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक तथा वित्तीय संस्थामा धितो रहिसकेको चलअचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(न) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा सो बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने,

(प) नेपाल राज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिबेञ्चर, बण्ड आदि खरिद बिक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेञ्चर, बण्ड आदिको ब्याज असूल उपर गर्ने,

(फ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपाल राज्यभित्र वा विदेशमा समेत पठाउने,

(ब) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(भ) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने,

(म) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोबार गर्ने,

(य) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,

(र) आफु तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य बैंक तथा वित्तीय संस्था बीच लिने दिने,

(ल) विदेशी बैंक वा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,

(व) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमा भित्र रही शेयर, नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू), डिबेञ्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने,

(श) आवश्यक्तानुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य बैंक तथा वित्तीय संस्थालाई कर्जा लिने दिने,

(ष) परियोजनाको प्रबर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,

(स) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने, गराउने तथा तालिम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

(ह) संचालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(क्ष) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसँग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(त्र) आफ्नो जायजेथाको उचित प्रबन्ध वा बिक्री गर्ने र आफ्नो जायजेथा धितो राखी कर्जा लिने,

(ज्ञ) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका वा स्वीकृति दिएका काम गर्ने, र

(कक) उपरोक्त कार्यहरुका अतिरिक्त देहायका अन्य आवश्यक कार्यहरु गर्ने :-

(१) आफ्ना ग्राहकहरुको सेवा तथा सुविधाका लागि सम्बन्धित निकायको स्वीकृती लिई बीमा अभिकर्ताको कार्य गर्ने,

(२) सम्बन्धित नियमनकारी निकाय/अन्य निकायको स्वीकृति लिई भेन्चर क्यापिटल सम्बन्धी कार्यहरु र इन्भेष्टमेन्ट फण्ड, इन्भेष्टमेन्ट ट्रष्टको लागि वित्तीय श्रोत जुटाउने, व्यवस्थापन गर्ने, लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट), लगानी परामर्श सेवा (इन्भेष्टमेन्ट एडभाइसरी सर्भिसेज), बजार

निर्माता (मार्केट मेकर) तथा अन्य कम्पनीले ऋणपत्र (बण्ड/डिबेन्चर) जारी गर्दा बण्ड वा डिबेञ्चर ट्रष्टी भई सेवा उपलब्ध गराउने, र

(३) बैंकले प्रदान गरेको सेवा वापत ब्याज, प्रबन्ध शुल्क, कमिशन, दलाली दस्तुर, प्रत्याभूति शुल्क र अन्य शुल्क लिने ।

(४) सहायक कम्पनी स्थापना गरी सोही मार्फत मर्चेन्ट बैंकिङ्गका कामहरू गर्ने ।

(५) सम्बन्धित निकायको स्वीकृति लिई धितोपत्र खरिदको दरखास्त संकलन सम्बन्धी कार्य गर्ने ।

(६) प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा बिद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्र व्यवसाय सम्बन्धी कार्य गर्ने ।

६. **<u>बैंकको पूँजीको संरचना</u>** : बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) बैंकको अधिकृत पूँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २०,००,००,००० (अक्षेरेपि बीस करोड) थान शेयरमा विभाजन गरिएको छ ।

(ख) बैंकको जारी पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपी अठार करोड छत्तीस लाख सतसठ्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंकको चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ ।

(घ) बैंकले जारी पूँजीमा सर्वसाधारण शेयरधनीहरुको ४९ प्रतिशत साधारण शेयर कायम रहने गरी शेयर पूँजी संरचनाको व्यवस्था मिलाइने छ ।

(ङ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गीकरण गरिएको छ र सो समूहको शेयर स्वामित्व ५१ प्रतिशतमा कायम रहने गरी व्यवस्था मिलाइने छ ।

(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ । सो समूहको शेयर स्वामित्व बैंकको जारी पूँजीमा ४९ प्रतिशत कायम रहने गरी शेयर पूँजी संरचनाको व्यवस्था मिलाइने छ । यस समूहको कुल शेयर मध्येबाट बढीमा ०.५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

(छ) जुन समूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूहमा राखिनेछ ।

(ज) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुनको अधीनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

७. **<u>बैंकको शेयरको किसिम</u>** : हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा बैंकको शेयरको किसिम साधारण शेयर मात्र हुनेछ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ ।

८. **<u>शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज</u>** : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन । तर हकप्रद शेयर निष्काशनको क्रममा बैंकका शेयरधनीहरूले आफ्नो हक अन्य व्यक्ति वा संस्थालाई प्रचलित कानुनको अधीनमा रही हस्तान्तरण (रिनाउन्स) गर्न सक्नेछन् ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन ।

(ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर नामसारी हुने भएमा प्रचलित कानून बमोजिम नामसारी गरिनेछ ।

(ङ) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता तथा अधिकतम् कुल जारी भएको शेयर संख्याको १ (एक) प्रतिशतमा नबढ्ने गरी शेयर खरिद गर्न सक्नेछन् ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

(च) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन ।

(छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **शेयर वापतको रकमको भुक्तानी** : (१) बैंकले संचालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम अंकित मूल्यको शतप्रतिशत भुक्तानी माग गर्नेछ ।

(२) शेयर वापत बैंकले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा बैंकले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने** : यस बैंकको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन् ।

११. **अन्य आवश्यक कुराहरु** : (१) बैंकको संस्थापन गर्दा लागेको खर्च बैंकले नै व्यहोर्नेछ ।

(२) बैंकको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

(३) बैंकले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन् ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंकबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(५) प्रचलित कानूनको अधिनमा रही बैंकले आफ्नो कारोबार संचालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(६) बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन ।

(७) बैंकले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) बैंकले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको आफ्नो कुल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नेछ ।

(९) बैंक अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(१०) बैंकको काम कारबाही संचालनका लागि एक छुट्टै छाप हुनेछ ।

(११) बैंकले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२)बैंकले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, प्राप्त गर्न, राख्न, निर्माण गर्न, उपभोग गर्न, बहालमा दिन वा अन्य किसिमले व्यवस्था गर्न, धितोबन्धक लिन, दिन वा दानदातव्य दिन सक्नेछ ।

(१३)बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ ।

(१४) <u>खारेजी र बचाउ</u> : (१) साविक बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम पुनः दर्ताको क्रममा साविक नेपाल मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेडको प्रबन्धपत्र संशोधन गरी नेपाल मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था) को नामबाट मिति २०६२/९/१८ को दशौं वार्षिक साधारण सभाबाट पारित भई मिति २०६२/१०/०९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको उक्त प्रबन्धपत्र खारेज गरिएको छ ।

(२) खण्ड (१) बमोजिम खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारबाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ ।

(३) खण्ड (१) बमोजिम खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हुंदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरु तथा निजहरुको सहीछाप सम्बन्धी सम्पूर्ण विवरणहरु यसै प्रबन्धपत्रको दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ र हाल कायम संस्थापक तथा सो समूहका शेयरधनीहरुको विवरण दफा ६ को खण्ड (ङ) मा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **<u>बैंकको प्रकृति अनुरुप थप व्यवस्था</u>** : बैंकको व्यवसायिक कारोबार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालन हुनेछ । बैंकको धितोपत्र कारोवार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१३. <u>**प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था**</u> : (१) यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिने छ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

१४. <u>**प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने**</u> : यस प्रबन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर भई उपरोक्त ऐन वा कानुनका व्यवस्थाहरु नै लागु हुनेछ ।

१५. <u>**संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण**</u> : हामी एनएमबि बैंक लिमिटेडका संस्थापकहरुले यो बैंक संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा बैंक दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौं ।

सि. नं.	संस्थापकहरूको नाम, थर, वतन र सहीछाप	लिन कबुल गरेको शेयर संख्या	साक्षीको नाम, थर, वतन र सहीछाप
१.	नाम : डा. ठाकुरनाथ पन्त ठेगाना : का.जि.का.म.न.पा - ९, धोबीखोला, बत्तीसपुतली ग-२-९३२, काठमाडौं सही : द..........................	८,०००	नाम : माधव प्रधान ठेगाना : का.म.न.पा ३४ नयाँ बानेश्वर सही : द................
२.	नाम : श्री हरिशंकर त्रिपाठी स्थाई ठेगाना : का.जि.का.म.न.पा ग-१-६५२, टंगाल, गहनापोखरी काठमाडौं अस्थाई ठेगाना : जि. रूपन्देही, रामपुर गा.वि.स. वडा नं.४ सही : द..........................	२,०००	नाम : राज कुमार गोयल ठेगाना : का.जि.का.म.न.पा. वडा नं १२ सही : द...........
३.	नाम : श्री बलराम नेउपाने ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३, पानीपोखरी, काठमाडौं सही : द..........................	६२,०००	नाम : गोपाल गेलाल ठेगाना : का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज सही : द..........................
४.	नाम : श्री पुरुषोत्तम लाल संघाई ठेगाना : का.जि.का.म.न.पा., इन्द्रचोक, काठमाडौं सही : द..........................	९१,०००	नाम : उत्तम गौतम ठेगाना : का.म.न.पा. - ३५ सही : द..........................

५.	नाम : श्री पवन कुमार गोल्याण स्थायी ठेगाना : जि. मोरङ, विराटनगर न.पा. वडा नं. १७, मिल्स एरिया अस्थायी ठेगाना : बानेश्वर हाईट, काठमाडौं सही : द...	९१,०००	नाम : जय बहादुर न्यौपाने ठेगाना : धरान न.पा. वडा नं. ८/२२४ सही : द...
६.	नाम : श्री शिव रतन सारदा स्थायी ठेगाना : का.जि.का.म.न.पा. थापाथली - ११, काठमाडौं अस्थायी ठेगाना : जि. सिराहा, लाहान, न.पा. वडा नं. ६ सही : द...	९१,०००	नाम : संदीप रतन शारदा ठेगाना : थापाथली - ११ सही : द...
७.	नाम : गायत्री आईरन इन्डष्ट्रिज प्रा. लि. स्थायी ठेगाना : विराटनगर वडा नं. १५ अस्थायी ठेगाना : भद्रपुर वडा नं. ९, जि. झापा सही : द...	९१,०००	नाम : महावीर प्रसाद गोयल ठेगाना : भद्रपुर - ९ सही : द...
८.	नाम : श्री आत्माराम मुरारका स्थायी ठेगाना : का.जि.का.म.न.पा. थापाथली - ११, काठमाडौं अस्थायी ठेगाना : जि. सिराहा, लाहान न.पा. वडा नं. ७ सही : द...	९१,०००	नाम : रमेश कुमार ठेगाना : का.जि. डिल्लीबजार न.पा. - ३२ सही : द...
९.	नाम : श्री त्रिलोक चन्द अग्रवाल स्थायी ठेगाना : जि. सुनसरी धरान न.पा. वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. २, लाजिम्पाट, काठमाडौं सही : द...	९१,०००	नाम : अशोक अग्रवाल ठेगाना : का.जि. लाजिम्पाट वडा नं. २ सही : द
१०	नाम : श्री ओम प्रकाश तापडिया स्थायी ठेगाना : जि. मोरङ, विराटनगर न.पा. वडा नं. ३, पोखरीया घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ११, थापाथली, काठमाडौं सही : द...	९१,०००	नाम : सुनिल तापडिया ठेगाना : का.जि.का.म.न.पा. थापाथली - ११ सही : द
११.	नाम : श्री नन्द किशोर राठी ठेगाना : जि. मोरङ, विराटनगर, न.पा. वडा नं. १२, ठाकुरवाडी रोड सही : द...	९१,०००	नाम : राजेन्द्र प्र. तिम्सिना ठेगाना : का.जि.का.म.न.पा - ३२, अनामनगर सही : द...
१२.	वित्तीय संस्थाहरु नाम : राष्ट्रिय वाणिज्य बैंक ठेगाना : केन्द्रीय कार्यालय, टंगाल तर्फबाट श्री जिवनमान जोशी सही : द...	१,२०,०००	नाम : आर ढुंगेल ठेगाना : राष्ट्रिय वाणिज्य बैंक सही : द...

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
एनएमबि बैंक लिमिटेडको
नियमावली

परिच्छेद- १

प्रारम्भिक

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम "एनएमबि बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा NMB Bank Limited भनिनेछ, जसलाई यसपछि "बैंक" भनी सम्बोधन गरिनेछ ।

२. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय** : यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वार्ड नं. ११ बवरमहलमा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(घ) "बैंक" भन्नाले एनएमबि बैंक लिमिटेड सम्झनु पर्छ ।

(ङ) "प्रबन्धपत्र" भन्नाले बैंकको प्रबन्धपत्र सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले बैंकको नियमावली सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले बैंकको संचालक समिति सम्झनु पर्छ ।

(ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(झ) "शेयर" भन्नाले बैंकको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

(ञ) "शेयरधनी" भन्नाले बैंकको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "संचालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र वैकल्पिक संचालक समेतलाई जनाउछ ।

(ड) "बैंकिङ्ग कारोबार" भन्नाले बैंकले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) मा उल्लेख भए बमोजिमको कारोबार सम्झनु पर्छ ।

(ढ) "कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले बैंकको क्षेत्रीय, शाखा, उप-शाखा, प्रशाखा, इलाका, प्रतिनिधि, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउँछ ।

(ण) "पदाधिकारी" भन्नाले बैंकको संचालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव र कर्मचारी सम्झनु पर्छ र सो शब्दले बैंकको लिक्विडेटर, सल्लाहाकार, लेखापरीक्षक र व्यवसायिक विज्ञको रुपमा काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(त) "कार्यकारी प्रमुख" भन्नाले बैंकको प्रशासकीय प्रमुखको रुपमा रही कामकाज गर्न समितिले नियुक्त गरेको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बैंकको कार्यकारी अध्यक्ष, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रबन्ध संचालक, कार्यकारी संचालक वा महाप्रबन्धक वा बैंकको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारी समेतलाई जनाउँछ ।

(थ) "सभा" भन्नाले बैंकको साधारण सभा सम्झनु पर्छ ।

४. **बैंकको उद्देश्य** : बैंकको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद - २

शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य** : यस बैंकको शेयरको अंकित मूल्य रु. १००।- हुनेछ ।

६. **शेयरमा लियन रहने कुरा** : शेयरधनीहरुले बैंकलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा बैंकलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा बैंकको लियन वा दाबी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने** : हाल विभिन्न वर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था** : बैंकको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

१०. **संस्थापकले लिनु पर्ने शेयर सम्बन्धी व्यवस्था** : पहिले नै दर्ता भएको कम्पनी भएकोले हाल यो व्यवस्था उल्लेख गरिरहन आवश्यक नभएको ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : बैंकले ऐन अनुसार शेयर वापतको रकमको भुक्तानी माग गर्दा शतप्रतिशत रकम माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य व्यवस्था ऐन र कम्पनी ऐन बमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था** : (१) बैंकको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी कानून बमोजिम हुनेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण गर्दा ऐन, कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा यस नियमावलीको अधीनमा रही गरिनेछ ।

१३. **<u>शेयरको प्रमाणपत्र</u>** : बैंकले भौतिक प्रमाणपत्र जारी गर्नु परेमा सोमा संचालक तथा कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै एक गरी जम्मा दुई जनाको दस्तखत हुनेछ ।

१४. **<u>शेयर पूँजी हेरफेर गर्ने सम्बन्धी व्यवस्था</u>** : ऐन, राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र कम्पनी ऐनमा उल्लेखित प्रावधान अनुरुप साधारण सभामा विशेष प्रस्ताव पेश गरी सभाको निर्णयबाट बैंकको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. **<u>आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था</u>** : (१) राष्ट्र बैंकको स्वीकृति लिई ऐनको अधीनमा रही बैंकले आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ ।

(२) बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा ऐन तथा कम्पनी ऐनको अधीनमा रही संचालक समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सकिनेछ ।

१६. **<u>ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था</u>** : (१) बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानूनको अधीनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।

(२) जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म बैंकले डिबेञ्चर उठाउन सक्ने छैन ।

(३) बैंकले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सोलाई साधारण सभाले अनुमोदन गरी राष्ट्र बैंकको स्वीकृति प्राप्त भए पछि लागू हुनेछ ।

(४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा सो सम्बन्धी कुनै शर्त तोक्नु परेमा संचालक समितिले तोके बमोजिम हुनेछ ।

(५) बैंकको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ ।

(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैंकबाट जारी निर्देशन, ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **<u>शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण</u>** : (१) बैंकको शेयरवाला वा डिबेञ्चरवालाले बैंकको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर बैंकले आफ्नो सूचना पाटीमा सात दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

(२) कसैले शेयरवालाको दर्ता किताबको प्रतिलिपी लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रतिपृष्ठ रु.१०।- दस्तुर लिई प्रतिलिपि दिइनेछ ।

परिच्छेद - ३
साधारण सभा

१८. <u>**बैंकको साधारण सभा सम्बन्धी व्यवस्था**</u> : (१) यस बैंकको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(क) वार्षिक साधारण सभा,

(ख) विशेष साधारण सभा ।

(२) यस बैंकको प्रथम वार्षिक साधारण सभा बैंकले कारोबार गर्ने स्वीकृति पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गरिनेछ ।

(३) यस बैंकको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै सवै शेयरधनीहरुलाई निजहरुले बैंकलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सूचना दिइनेछ । सो सूचना कम्तीमा दुई पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिनेछ ।

(४) समितिको अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले र कम्पनी सचिवको अनुपस्थितिमा कार्यकारी प्रमुखले वा समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले समितिको बैठक बस्न नसकेमा समितिको कुल संचालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत संचालक उपस्थित भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरु मध्येबाट बहुमतले छानेको संचालकले समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा सात दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

१९. <u>**साधारण सभाको कार्यविधि**</u> : (१) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(२) समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफुमध्येबाट बहुमतले छानेको संचालकले सभाको अध्यक्षता गर्नेछ ।

तर साधारण सभामा कुनै पनि संचालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफुमध्येबाट बहुमतले छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले सभा विधिवत् संचालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कुल शेयर पूँजीको सतसट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) साधारण सभाको कार्यविधि सम्बन्धी अन्य व्यवस्था कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(१०) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको व्यवस्था हाल नभएको ।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषय** : कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नु पर्ने अन्य केही विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।

२१. **विशेष प्रस्ताव** : कम्पनी ऐनमा उल्लेख भएको विषय बाहेकका विषयका सम्बन्धमा विशेष प्रस्ताव पेश गर्नु पर्ने देखी समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सकिनेछ ।

२२. **विशेष साधारण सभा** : कम्पनी ऐनमा उल्लेख भए बमोजिम बैंकको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **गणपुरक संख्या** : बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा बाँडफाँड भएको कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा संचालन गर्न बाधा पर्ने छैन ।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था** : (१) उपनियम (३) को अधीनमा रही प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा बैंकको शेयरधनीलाई नै गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुनेछैन ।

(५) एकभन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा सो साझेदारमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।

(६) कुनै संचालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफुलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो संचालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मदतान गर्न पाउने छैन ।

२५. <u>मतदान</u> : (१) ऐन, कम्पनी ऐन, प्रबन्धपत्र तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गर्न सकिनेछ तर हाल त्यस्तो शेयर जारी गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

(४) संचालकको निर्वाचन गर्दा शेयरधनीले ग्रहण गरेको शेयर संख्याले नियुक्त गर्नु पर्ने संचालकको संख्यालाई गुणन गर्दा हुने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारलाई निजले तोकेबमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ । संचालकको निर्वाचन गर्दा एक शेयरको एक मतभन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन् ।

(५) संचालक नियुक्त/निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ संचालकको हकमा समितिद्वारा नियुक्ति गरिनेछ र अन्य संचालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्वारा नियुक्त गरिनेछ ।

२६. <u>साधारण सभाको निर्णय विवरणको अभिलेख</u> : (१) कम्पनी ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख खडा गरी राखिनेछ । त्यस्तो अभिलेखमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख बैंकको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा बैंकले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

परिच्छेद - ४
संचालक समिति

२७. <u>संचालक समितिको गठन, संख्या र कार्यकाल</u> : (१) संचालकहरुको नियुक्ति वा निर्वाचन बार्षिक साधारण सभाबाट हुनेछ ।

तर स्वतन्त्र संचालकको नियुक्ति समितिले गर्नेछ ।

(२) यस बैंकमा एक जना महिला सहित ७ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूह Nederlandse Financierings -Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO), Nederland बाट मनोनित १ जना समेत गरी मनोनित/निर्वाचित ३ जना तथा सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।

(३) संचालकको कार्यकाल ४ वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले संचालक नियुक्त भएको थियो सोही प्रक्रिया र समूहबाट गरिनेछ । कुनै संचालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि समितिले सोहि समूहबाट संचालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले संचालक नियुक्त गर्दा निजको वैकल्पिक संचालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) संचालकको निर्वाचनको लागि समितिले निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) संचालकहरुले आफुमध्येबाट बहुमतले छानेको कुनै एकजना व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

२८. **संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या** : यस बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ऋणभार मुक्त कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

२९. **स्वतन्त्र संचालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्बन्धी व्यवस्था** : (१) ऐनले व्यवस्था गरे बमोजिम स्वतन्त्र संचालक हुन योग्य भएको व्यक्ति मध्येबाट समितिले एक जना स्वतन्त्र संचालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ बर्षको हुनेछ र निजको पुनः नियूक्त हुन सक्ने छैन ।

(३) स्वतन्त्र संचालकको काम, कर्तव्य र अधिकार अन्य संचालक सरह हुनेछ ।

३०. **संचालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने** : एक पटक संचालक भइसकेको व्यक्ति पुनः संचालकमा नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर, कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।

३१. **संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : नियम २७ र २९ मा उल्लेख गरिए देखि बाहेक संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरिएको छैन ।

३२. **संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-

(क) दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न भएको अवस्थामा त्यस्तो संचालकले मात्र साधारण सभाले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउनेछ र निजलाई स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्ताविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ ।

(ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकहरुले पाउने प्रति बैठक भत्ता क्रमश : १८,०००।- र १६,०००।- हुनेछ ।

(ख)(१) संचालक समितिको बैठकमा बैंकको रजिष्ट्रर्ड कार्यालय रहेको जिल्ला बाहेक अन्यत्र रहेका संचालकहरु उपस्थित हुन आउँदा जाँदा भ्रमण गर्दा लाग्ने हवाई टिकट वा परिवहन खर्च वास्तविक खर्च बमोजिम र नियम ३२ को १ को खण्ड (ग) को उपखण्ड (अ) र (आ) बमोजिमको होटेल तथा दैनिक भ्रमण भत्ता बढीमा तीन दिनको उपलब्ध गराईनेछ । तर, विदेशी संचालकको हकमा वास्तविक बिल बमोजिमको होटेल तथा खाना खर्च सोधभर्ना गरिनेछ ।

(ग) बैकको कामको सिलसिलामा संचालकले भ्रमण गर्दा प्राप्त गर्ने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-

(अ) होटेल खर्च तथा अन्य खर्च वापतको सुविधा :

पद/खर्च शिर्षक	एरिया १ (अमेरिकी डलर)	एरिया २ (अमेरिकी डलर)	एरिया ३ (अमेरिकी डलर)	एरिया ४ (भा.रु.)	एरिया ५ (ने.रु.)
अध्यक्ष (होटेल खर्च)	३३०.००	२२०.००	११०.००	११,०००.००	५,५००.००
अध्यक्ष (अन्य खर्च)	५५.००	५५.००	५५.००	१,१००.००	१,१००.००
संचालक (होटेल खर्च)	२७५.००	१६५.००	९९.००	८,८००.००	४,४००.००
संचालक (अन्य खर्च)	५५.००	५५.००	४४.००	८८०.००	८८०.००

(आ) दैनिक भ्रमण भत्ता :

पद/खर्च शिर्षक	एरिया १ (अमेरिकी डलर)	एरिया २ (अमेरिकी डलर)	एरिया ३ (अमेरिकी डलर)	एरिया ४ (भा.रु.)	एरिया ५ (ने.रु.)
अध्यक्ष (दैनिक भ्रमण भत्ता)	२२५।-	२००।-	१५०।-	४,०००।-	४,०००।-
संचालक (दैनिक भ्रमण भत्ता)	२२५।-	२००।-	१५०।-	४,०००।-	४,०००।-

(इ) उपखण्ड (अ) र (आ) मा उल्लेख गरिएदेखि बाहेक भ्रमण गर्दा लाग्ने हवाई टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क र परिवहन, आदि वास्तविक बिल अनुसार सोधभर्ना गरिनेछ ।

नोट : उपखण्ड (अ) र (आ) मा उल्लेखित एरिया अनुसार देशहरुको विवरण निम्नानुसार रहनेछ :-

एरिया १ - अमेरिका, युरोप, जापान, अष्ट्रेलिया, न्यूजिलाण्ड
एरिया २ - एरिया ३ र एरिया १ अन्तरगत उल्लेख नगरिएका राष्ट्रहरु
एरिया ३ - नेपाल र भारत बाहेकका सार्क राष्ट्रहरु
एरिया ४ - भारत
एरिया ५ - नेपाल

(घ) सञ्चालकहरुलाई टेलिफोन, मोबाईल र पत्रपत्रिकाको खर्चवापत मासिक रु.१२,०००।- (अक्षेरेपि बाह्र हजार मात्र) उपलब्ध गराइनेछ ।

(ङ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) संचालकले यस नियमावलीमा लेखिएदेखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा ऐन बमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असूल उपर गरिनेछ ।

३३. **समितिको काम कर्तव्य र अधिकारहरु** : समितिको काम, कर्तव्य र अधिकार ऐन, वा राष्ट्र बैंकबाट जारी नियमन तथा निर्देशन अनुरुप हुनेछ र सोमा उल्लेख नभएकोमा कम्पनी ऐनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

३४. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था** : (१) ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले आफ्नो अधिकारमध्ये केही बैंकका अन्य संचालक, पदाधिकारी, उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३५. **प्रबन्ध संचालक सम्बन्धी व्यवस्था** : (१) संचालकहरुले आफुमध्येबाट एक जनालाई कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि प्रचलित ऐनमा व्यवस्था भए बमोजिम चाहिने योग्यता पुगेको संचालकलाई प्रबन्ध संचालक पदमा बढीमा चार वर्ष सम्मको लागि नियुक्त गर्न सक्नेछ ।

(२) प्रबन्ध संचालकको काम कर्तव्य तथा अधिकार समितिले लिखित सम्झौता गरी तोके बमोजिम हुनेछ र नियम ३६ बमोजिमको प्रमुख कार्यकारी अधिकृत नियुक्त नभएको अवस्थामा प्रबन्ध संचालकले प्रमुख कार्यकारी अधिकृतको समेत कार्य सम्पादन गर्न सक्नेछ ।

(३) प्रबन्ध संचालकको नियुक्ति भएको अवस्थामा निजको पारिश्रमिक तथा अन्य सुविधा नियम ३२ बमोजिम हुनेछ ।

(४) कुनै बैंक तथा वित्तीय संस्थाको संचालक वा प्रबन्ध संचालक पदमा कार्यरत व्यक्तिलाई एकै समयमा यस बैंकको प्रबन्ध संचालक पदमा नियुक्त गर्न सकिने छैन ।

३६. **कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था** : (१) समितिले ऐन र नियमावलीको अधीनमा रही बैंकको कार्यकारी प्रमुखको रुपमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ । बैंकका कार्यकारी प्रमुख लगातार दुई पटक भन्दा बढि उक्त पदमा निर्बाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन् ।

(४) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोके बमोजिम वा करारद्वारा निश्चित हुनेछ ।

(५) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय लागू गर्ने र ऐन, कम्पनी ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको काम कारबाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) बैंकको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय र राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) बैंक संचालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(६) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ ।

३७. **समितिको बैठक बोलाउने सम्बन्धी व्यवस्था** : समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले समितिको बैठक बोलाउन सक्नेछ ।

३८. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक दुईवटा बैठक बीचको फरक दुई महिना भन्दा बढी नहुने गरी वर्षमा कम्तिमा बाह्र पटक बैठक बस्नु पर्नेछ । नियम ३७ बमोजिम बैठक नबोलाएमा कुल संचालक संख्याको कम्तीमा एक तिहाई संचालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सात दिन भित्र समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य संचालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।

(२) समितिको बैठकको सूचना संचालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय संचार माध्यमबाट दिन सकिनेछ ।

(३) संचालकहरु समितिको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक संचालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक संचालक उपस्थित हुन सक्नेछ ।

(४) संचालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत संचालकहरु उपस्थित नभई समितिको बैठक बस्न सक्ने छैन् र गणपूरक संख्या नपुगी समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित संचालकहरुले आफुमध्येबाट बहुमतले छानेको संचालकले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर संचालक समितको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै संचालकले भाग लिन वा मतदान गर्न पाउने छैन् ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा समितिका सबै सदस्य लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. **समितिको निर्णयको अभिलेख** : (१) समितिको बैठकमा उपस्थित संचालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण संचालकले दस्तखत गरेको हुनुपर्नेछ ।

तर कुनै विषयमा छलफल गर्दा कुनै संचालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गरी दस्तखत गर्नु पर्नेछ ।

(२) विद्युतीय संचार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय संचार साधन, कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

परिच्छेद - ५
हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. **बैंकको हिसाबकिताब, लेखा तथा लेखापरीक्षण** : (१) बैंकले आफ्नो हिसाब किताब, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिविम्बित हुने गरी दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त र अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा, राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नु पर्नेछ ।

(२) बैंकले आफ्नो वासलात र नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुरुप राख्नु पर्नेछ ।

(३) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना संचालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति बैंकको साधारण सभाबाट हुनेछ । एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सकिने छैन् ।

(५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षकमध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंकले मनासिव कारण सहित म्याद थपको लागि राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र राष्ट्र बैंकले बढीमा तीन महिनाको अवधि थप गरिदिन सक्नेछ ।

(७) लेखापरीक्षकले आफुले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।

(८) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन, कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(९) बैंकको अद्यावधिक हिसाब किताब कुनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनु पर्नेछ ।

४१. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था** : (१) बैंकले राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यवस्था गर्नेछ ।

(२) समितिले प्रचलित कानूनको अधीनमा रही उपनियम (१) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

परिच्छेद - ६
विविध

४२. **लाभांश सम्बन्धी व्यवस्था** : (१) बैंकले लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) ऐन तथा राष्ट्र बैंकबाट जारी निर्देशनहरुको अधीनमा रही बैंकले अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बैंकले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सक्नेछ ।

४३. **शेयरधनी, डिबेञ्चरवाला, संचालक र पदाधिकारीलाई दिइने तथा निजबाट प्राप्त हुने सूचना** : बैंकले शेयरधनी, डिबेञ्चरवाला, संचालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्चरवालाहरुले बैंकको संचालक वा पदाधिकारीलाई कुनै सूचना वा जानकारी वा विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. **कम्पनी सचिव सम्बन्धी व्यवस्था** : (१) कम्पनी ऐनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई समितिले बैंकको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा बैंकमा कार्यरत योग्यता पुगेको कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ ।

तर उल्लिखित योग्यता पुगेको बैंकमा कार्यरत कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार कम्पनी ऐनमा उल्लेख भए बमेजिम हुनेछ ।

४५. **बैंकको छाप सम्बन्धी व्यवस्था** : (१) बैंकको छाप कार्यकारी प्रमूखको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकको अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेबारी सुम्पन सक्नेछ ।

(२) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था** : (१) बैंकको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, संचालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा बैंकको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु सरोकारवालाले माग गरेमा प्रति पृष्ठ रु.१०।- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) बैंकको साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.१०।- दस्तुर लाग्नेछ ।

(३) बैंकको समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु.५०।- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न रु.१००।- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु.१०।- दस्तुर लाग्नेछ ।

४७. **बैंक गाभिने व्यवस्था** : (१) यस बैंकमा कुनै अर्को बैंक वा वित्तीय संस्थालाई वा यस बैंकलाई अर्को कुनै बैंकमा गाभ्न आवश्यक भएमा बैंकको साधारण सभाले विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून बमोजिम अर्को बैंक वा वित्तीय संस्थालाई गाभ्न वा आफु अर्को बैंकमा गाभिन सक्नेछ ।

(२) यस बैंक अर्को बैंकमा गाभिदा शेयरको हेरफेर, हस्तान्तरण वा बैंकको सम्पूर्ण जायजेथा बिक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा राष्ट्र बैंकको स्वीकृति लिई कुनै विशेष व्यवस्था गर्न सकिने छ ।

४८. <u>बैंकको खारेजी</u> : (१) राष्ट्र बैंकको पूर्व स्वीकृति विना बैंक स्वेच्छाले खारेज हुन सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम बैंकको स्वेच्छिक खारेजीको लागि साधारण सभाले निर्णय गरी राष्ट्र बैंकको स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(३) बैंकको खारेजी सम्बन्धी अन्य व्यवस्था ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

४९. <u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा</u> : (१) यो बैंक कम्पनी ऐन अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत बैंकिङ/वित्तीय कारोबार गर्ने बैंक हुनेछ ।

(२) राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरू नियमित रूपले राष्ट्र बैंकमा पेश गर्नेछ ।

(३) बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन् । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछ :-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,

(ग) सगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,

(ङ) सगोलको बाबु पट्टीको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,

(च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,

(छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी-बुहारी,

(ज) भिन्न बसेको दाजु वा भाइ,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।

तर उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।

(४) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन् ।

(५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन् । तर बैंकमा निक्षेप राखेको रुपैयाँ नै धितो वा जमानत राखी लेनदेन कारोबार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

(६) बैंकले दश वर्षदेखि चल्ती नभएका तथा ऐन बमोजिम हक दावी नपरेका निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(७) नेपाल राष्ट्र बैंक ऐन, २०५८, वा सो अन्तर्गत बनेका नियम/विनियमहरू बमोजिम नेपाल सरकार वा राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा र बैंकसँग भएको करारमा वा बैंकको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन ।

(८) आफ्नो काम कारोबार सुव्यवस्थित रूपले संचालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकको स्वीकृति लिई बैंकले विनियम बनाउन सक्नेछ । समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।

(९) बैंकको काम कारोबार संचालन गर्नको लागि संघ/संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ । बैंकको संचालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरूको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न सक्नेछ ।

(१०) बैंकले आफ्नो कुल सम्पत्ति र वासलात बाहिरको कारोबारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंकले तोकिदिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।

(११) बैंकले आफ्नो कुल जोखिम सम्पत्तिको आधारमा राष्ट्र बैंकले तोकि दिएको अनुपातमा पूँजीकोष कायम गर्नेछ ।

५०. <u>अन्य आवश्यक कुरा</u> : (१) बैंकको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्त सम्म हुनेछ ।

(२) बैंकको शेयर चल सम्पत्ति मानिनेछ र ऐन, कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको शेयर धितोबन्धक राख्न वा सोको बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

(३) लाभांश घोषणा गर्दाको समयमा लगत किताबमा जसको नाममा शेयर रहेको छ सो शेयरधनी लाभांशको हकदार हुनेछ ।

(४) बैंकको संचालक तथा कर्मचारीले आफ्नो ओहोदा सम्हाल्नु पूर्व तोकिए बमोजिम गोपनियता र इमान्दारीताको शपथ लिनु पर्नेछ ।

(५) बैंकको कुनै संचालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरु कानूनले छुट दिएको अवस्थामा बाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन ।

(६) समितिले संचालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) संचालकको नियुक्ति वा समितिको गठनमा भएको अनियमितता वा कुनै संचालकको पद रिक्त रहेको कारणले समितिको कुनै कामकारबाही बदर हुने छैन ।

(८) बैंकले संचालक, शेयरधनी, कर्मचारी वा बैंकसँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा कम्पनी कानून तथा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ ।

(९) नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन र कम्पनी ऐनमा परिभाषित शब्द वा शब्दावलीहरुलाई यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ ।

(१०) खारेजी र बचाउ : (१) साविक बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम पुनः दर्ताको क्रममा साविक नेपाल मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेडको

नियमावली संशोधन गरी नेपाल मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था) को नामबाट मिति २०६२/९/१८ को दशौं वार्षिक साधारण सभाबाट पारित भई मिति २०६२/१०/०९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको उक्त नियमावली खारेज गरिएको छ ।

(२) खण्ड (१) बमोजिम खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) खण्ड (१) बमोजिम खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हुंदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरु तथा निजहरुको सहीछाप सम्बन्धी सम्पूर्ण विवरणहरु यसै नियमावलीको नियम ५३ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ र हाल कायम संस्थापक समूहका शेयर धनीहरुको विवरण प्रबन्धपत्रको दफा ६ को खण्ड (ङ) मा उल्लेख भए बमोजिम हुनेछ ।

५१. **नियमावली संशोधन भएमा लागू हुने अवस्था** : (१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा ऐन र कम्पनी ऐनको व्यवस्थाको अधीनमा रही साधारण सभामा विशेष प्रस्ताव पारित गरी राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमवलीमा संशोधन भएको मानिनेछ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गरिनेछ ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुने** : यस नियमावलीमा उल्लेख भएका कुराहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरूको हकमा सोही ऐनहरू वा कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

५३. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण** : हामी “एनएमबि बैंक लिमिटेड” को संस्थापकहरुले यो बैंक संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा बैंक दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौं ।

सि. नं.	**संस्थापकहरूको नाम, थर, वतन र सहीछाप**	**लिन कबुल गरेको शेयर संख्या**	**साक्षीको नाम, थर, वतन र सहीछाप**
१.	नाम : डा. ठाकुरनाथ पन्त ठेगाना : का.जि.का.म.न.पा - ९, धोबीखोला, बत्तीसपुतली ग-२-९३२, काठमाडौं सही : द...........................	८,०००	नाम : माधव प्रधान ठेगाना : का.म.न.पा ३४ नयाँ बानेश्वर सही : द...............
२.	नाम : श्री हरिशंकर त्रिपाठी स्थाई ठेगाना : का.जि.का.म.न.पा ग-१-६५२, टंगाल, गहनापोखरी काठमाडौं अस्थाई ठेगाना : जि. रूपन्देही, रामपुर गा.वि.स. वडा नं.४ सही : द.........................	२,०००	नाम : राज कुमार गोयल ठेगाना : का.जि.का.म.न.पा. वडा नं १२ सही : द................................
३.	नाम : श्री बलराम नेउपाने	६२,०००	नाम : गोपाल गेलाल

	ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३, पानीपोखरी, काठमाडौं सही : द……………………		ठेगाना : का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज सही : द……………………
४.	नाम : श्री पुरुषोत्तम लाल संघाई ठेगाना : का.जि.का.म.न.पा., इन्द्रचोक, काठमाडौं सही : द……………………	९१,०००	नाम : उत्तम गौतम ठेगाना : का.म.न.पा. - ३५ सही : द……………………
५.	नाम : श्री पवन कुमार गोल्याण स्थायी ठेगाना : जि. मोरङ, विराटनगर न.पा. वडा नं. १७, मिल्स एरिया अस्थायी ठेगाना : बानेश्वर हाईट, काठमाडौं सही : द…	९१,०००	नाम : जय बहादुर न्यौपाने ठेगाना : धरान न.पा. वडा नं. ८/२२४ सही : द…
६.	नाम : श्री शिव रतन सारदा स्थायी ठेगाना : का.जि.का.म.न.पा. थापाथली - ११, काठमाडौं अस्थायी ठेगाना : जि. सिराहा, लाहान, न.पा. वडा नं. ६ सही : द…	९१,०००	नाम : संदीप रतन शारदा ठेगाना : थापाथली - ११ सही : द…
७.	नाम : गायत्री आईरन इन्डष्ट्रिज प्रा. लि. स्थायी ठेगाना : विराटनगर वडा नं. १५ अस्थायी ठेगाना : भद्रपुर वडा नं. ९, जि. झापा सही : द…	९१,०००	नाम : महावीर प्रसाद गोयल ठेगाना : भद्रपुर - ९ सही : द…
८.	नाम : श्री आत्माराम मुरारका स्थायी ठेगाना : का.जि.का.म.न.पा. थापाथली - ११, काठमाडौं अस्थायी ठेगाना : जि. सिराहा, लाहान न.पा. वडा नं. ७ सही : द…	९१,०००	नाम : रमेश कुमार ठेगाना : का.जि. डिल्लीबजार न.पा. - ३२ सही : द…
९.	नाम : श्री त्रिलोक चन्द अग्रवाल स्थायी ठेगाना : जि. सुनसरी धरान न.पा. वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. २, लाजिम्पाट, काठमाडौं सही : द…	९१,०००	नाम : अशोक अग्रवाल ठेगाना : का.जि. लाजिम्पाट वडा नं. २ सही : द
१०	नाम : श्री ओम प्रकाश तापडिया स्थायी ठेगाना : जि. मोरङ, विराटनगर न.पा. वडा नं. ३, पोखरीया घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ११, थापाथली, काठमाडौं सही : द…..	९१,०००	नाम : सुनिल तापडिया ठेगाना : का.जि.का.म.न.पा. थापाथली - ११ सही : द……
११.	नाम : श्री नन्द किशोर राठी ठेगाना : जि. मोरङ, विराटनगर, न.पा. वडा नं. १२, ठाकुरवाडी रोड सही : द…	९१,०००	नाम : राजेन्द्र प्र. तिम्सिना ठेगाना : का.जि.का.म.न.पा - ३२, अनामनगर सही : द…..
१२.	वित्तीय संस्थाहरु नाम : राष्ट्रिय वाणिज्य बैंक ठेगाना : केन्द्रीय कार्यालय, टंगाल तर्फबाट श्री जिवनमान जोशी सही : द…	१,२०,०००	नाम : आर ढुंगेल ठेगाना : राष्ट्रिय वाणिज्य बैंक सही : द…..